موضوع الخطبة: الاستخارة

الخطيب : فضيلة الشيخ حسام بن عبد العزيز الجبرين/ حفظه الله

الغة الترجمة : النيبالي

المترجم : محمد سليمان بن رمضان علي

# विषय: इस्तिखारा को नमाज

## प्रथम प्रवचन:

إن الحمد لله، نحمده ونستعينه ونستغفره، ونعوذ بالله من شُرور أنفسنا، ومِن سيئات أعمالنا، مَن يهده الله فلا مضل له، ومن يضْلِل فلا هادي له، وأشهد أن لا إله إلا الله وحده لا شريك له، وأشهد أن محمدًا عبده ورسوله.

﴿ يَا أَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ حَقَّ تُقَاتِهِ وَلاَ تَمُوتُنَّ إِلاَّ وَأَنْتُمْ مُسْلِمُونَ ﴾ [آل عمران: 102]. ﴿ يَا أَيُّهَا النَّاسُ اتَّقُوا رَبَّكُمُ الَّذِي خَلَقَكُمْ مِنْ نَفْسٍ وَاحِدَةٍ وَخَلَقَ مِنْهَا زَوْجَهَا وَبَثَّ مِنْهُمَا رِجَالاً كَثِيرًا وَنِسَاءً وَاتَّقُوا اللَّهَ الَّذِي تَسَاءَلُونَ بِهِ وَالْأَرْحَامَ إِنَّ اللَّهَ كَانَ عَلَيْكُمْ رَقِيبًا ﴾ [النساء: 1]. ﴿ يَا أَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ وَقُولُوا قَوْلاً سَدِيدًا * يُصْلِحْ لَكُمْ أَعْمَالَكُمْ وَيَغْفِرْ لَكُمْ ذُنُوبَكُمْ وَمَنْ يُطِعِ اللَّهَ وَرَسُولَهُ فَقَدْ فَازَ فَوْزًا عَظِيمًا ﴾ [الأحزاب: 70 - 71].

प्रसंशा र प्रार्थना पछी!

यो एउटा ज्ञात तथ्य हो कि जीवन परिवर्तन र आश्चर्यले भरिपूर्ण छ। कहिलेकाहीं विभिन्न परिस्थितिहरूको उलझनमा व्यक्ति अलमल र आश्चर्यचकित हुन्छ। कहिलेकाहीँ धेरै दिन र रात यसरी नै बिचार र अनिर्णयको दुनियाँमा बित्छ र उसले निर्णय गर्न सक्दैन: कहाँ जाने? अनि कुन बाटो हिंड्ने ?

अज्ञानताको युगका मानिसहरूले (यस्तो अवस्थामा) आफ्नो (अनुचित) ज्ञान अनुसार केही कुराको सहारा लिने गर्थे, जसले उनीहरूमा आश्चर्य र भ्रम झन् बढ्थ्यो।

कोही बाणको माध्यमबाट भाग्य बताउने गर्थे रकोही चरा उडाएर भाग्य बताउने गर्थे। तर जब इस्लाम आयो, यसले मानिसहरूका सबै समस्याहरूको समाधान प्रस्ताव गर्यो। र सबै चिन्ताहरू हटायो।। त्यसमा यस्ता सबै मामिलाहरूको समाधान थियो। किनभने अल्लाह तआलाले आस्थावानलाई सिकाउनुभएको छ कि जब उनी कुनै समस्याको सामना गर्छ र हिचकिचाउछ, उसले इस्तीखाराको सहारा लिनुपर्छ।

अल्लाहका रसूल ( सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना साथीहरूलाई सबै मामिलामा त्यसरी नै इस्तिखारा सिकाउनुहुन्थ्यो जसरी उहाँले कुरानको सुराहरू सिकाउनुहुन्थ्यो।

अतः सहिह बुखारीमा जाबिरबाट वर्णन गरिएको छ, उनले भने:अल्लाहका रसूल ( सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना साथीहरूलाई सबै मामिलामा त्यसरी नै इस्तिखारा सिकाउनुहुन्थ्यो जसरी उहाँले कुरानको सुराहरू सिकाउनुहुन्थ्यो।

उहाँले भन्नुहुन्थ्यो: जब तिमीहरू मध्ये कसैले कुनै काम गर्ने मनसाय गर्छ, उसले अनिवार्य नमाजको अतिरिक्त दुई रकत नफिल नमाज पढोस् र त्यसपछि भनोस्:

اللهم إنِّي أستخيرك بعلمِك، وأستقدرُك بقدرتك، وأسألُك مِن فضلك؛ فإنَّك تقْدِر ولا أقْدِر، وتعْلمُ ولا أعلم، وأنت علاَّم الغيوب، اللهم فَإنْ كنتَ تعْلم أن هذا الأمرَ - ثُم تسمِّيه بعَيْنِه؛

كزواج أو شِراء أو غيرِه - خيرًا لي في عاجِل أمري وآجِله - أو قال: في دِيني ومَعاشي وعاقِبةِ أمري - فاقْدُرْه لي ويسِّرْه لي، ثم بارِكْ لي فيه، اللهم وإنْ كنتَ تعلم أنه شرٌّ لي في دِيني ومعاشي وعاقبة أمري - أو قال: في عاجل أمري وآجله - فاصْرِفني عنه، واقْدُر لي الخيرَ حيث كان، ثم رضِّنِي به)).

अनुवाद:

हे अल्लाह! म तपाईंको ज्ञानद्वारा भलाई खोज्छु। म तपाईंको शक्तिबाट साहस खोज्छु। म तपाईंको महान अनुग्रह माग्दछु। अवश्य पनि तपाईं शक्तिशाली हुनुहुन्छ। म अशक्त छु।तपाईंलाई थाहा छ। मलाई थाहा छैन। तपाईं लुकेका र नदेखेका कुराहरू जान्नुहुन्छ। हे अल्लाह! यदि तपाईलाई थाहा छ कि मेरो यो काम मेरो धर्म, मेरो अर्थ र मेरो मामिलाको लागि राम्रो छ भने, त्यसलाई मेरो लागि सुविधाजनक र सजिलो बनाउनुहोस्।त्यसपछि यसमा मेरो लागि लाभ दिनुहोस्। र यदि तपाईलाई थाहा छ कि यो काम मेरो धर्म, मेरो अर्थ र मेरो कार्यको लागि राम्रो छैन भने, यसलाई मबाट र मलाई यसबाट टाढा लैजानुहोस्। र मेरो लागि जहाँ भए पनि भलाई दिनुहोस्। त्यसपछि मलाई त्यसबाट खुशी बनाउनुहोस्।

इब्न अल-कय्यिम भन्छन्: "यस बिन्तीमा निम्न कुराहरू समावेश छन्: अल्लाहको अस्तित्वको स्वीकार गर्नु, उहाँका सिद्ध गुणहरूको स्वीकार गर्नु, जस्तै ज्ञानको पूर्णता, शक्तिको पूर्णता र इरादाको पूर्णता आदि इत्यादि।

उहाँको प्रभुत्वको स्वीकार गर्नु। जस्तै उहाँलाई सबै मामिलाहरू सुम्पनु। उहाँलाई मद्दतको लागि पुकार्नु। र आफ्नो जीवनको जिम्मेवारीबाट टाढा रहने घोषणा गर्नु। र अल्लाहको सहायताले प्राप्त गरेको बाहेक सबै प्रकारको तागत र शक्तिबाट अलग भएको घोषणा गर्नु। भक्तले यस कुरा बाट आफ्नो नम्रतालाई स्वीकार गर्नु कि उ आफ्नो अस्तित्वको फाइदाको ज्ञान, शक्ति र इरादा राख्छ।

र यी सबै मामिलाहरू उहाँका कर्ता तथा सृष्टिकर्ता र सबै सृष्टिका ईश्वर (अल्लाह) को हातमा छन् भन्ने कुरा स्वीकार गर्नु।

आदरणिय दाजुभाइहरू! सल्लाह माग्नुले इस्तिखारालाई पूर्ण बनाउँछ। बरु, इस्लामले एउटा मुस्लिमलाई अर्को मुस्लिममाथि यो अधिकार दिएको छ कि जब उससंग सल्लाह र सुझावको मागिन्छ उसले सल्लाह दिनुपर्छ।

जस्तै कि हदीसमा उल्लेख गरिएको छ: (एक मुस्लिमको अर्को मुस्लिममाथि छ वटा अधिकार छन)। त्यमा यो पनि उल्लेख गरिएको छ: (जब उसले तपाईसँग सल्लाह माग्छ, उसलाई सल्लाह दिनुहोस्) [मुस्लिम]।

एकजना सलफले भनेका छन्: "विद्वानहरूको विचारलाई आफ्नो विचारमा समावेश गर्नु र बुद्धिमानहरूको बुद्धिलाई आफ्नो बुद्धिमा सङ्कलन गर्नु बुद्धिमान व्यक्तिको अधिकार हो।

किनकि व्यक्तिगत विचार र व्यक्तिगत बुद्धि कहिलेकाहीं चिप्लिन्छ र भटकिन्छ।

इस्लामी दाजुभाइहरु ! हाम्रा पैगम्बरले आफ्ना साथीहरूलाई इस्तिखारा त्यसरी नै सिकाउनुहुन्थ्यो जसरी उहाँ कुरानको सुराहरू सिकाउनुहुन्थ्यो। अर्थात् उहाँले यसलाई आफ्नो सामान्य आवश्यकताहरूमा पनि व्यवस्थित गर्नुहुन्थ्यो।

यसको अर्थ यी पनि हुन सक्छ: पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले तिनीहरूलाई एउटा एउटा शब्द र एउटा एउटा अक्षर सिकाउनुभयो। यस अर्थको कारणले गर्दा हामीले यो दुआलाई ठ्याक्कै पालन गर्नुपर्छ र यसका शब्दहरू जसरी उच्चारण गरिएको थियो त्यसरी नै याद गर्नुपर्छ।

यस नमाजका केही आज्ञाहरू:

यदि कुनै व्यक्ति आफ्नो जीवनको अनुमतियोग्य र मुस्तहब विषयहरू सुरु गर्न वा पूरा गर्न हिचकिचाउछ भने उसले इस्तिखाराको नमाज पढ्नु पर्छ।

इब्न अबी जमरह (र) भन्छन्: "इस्तिखारा ती अनुमतियोग्य र मुस्तहब मामिलाहरूमा पढ्नु पर्छ जसमा विवाद हुन्छ र व्यक्ति केबाट सुरु गर्ने भन्ने बारे अनिर्णयमा हुन्छ। यद्यपि, वाजिबहरू, वा वास्तविक मुस्तबहरू, मुहर्रमात र मकरुहहरूमा कुनै इस्तिखारा छैन।" (समाप्त)

यो भनिएको छ कि इमाम बुखारीले आफ्नो पुस्तक अल-जामी अल-साहिह, जसलाई सहिह बुखारी भनेर चिनिन्छ, प्रत्येक हदीस लेख्नु अघि इस्तिखारा गरेका थिए। यो संसारभर स्वीकृत किताब हो र यो

किताब अल्लाहको किताब पछि सबैभन्दा सही किताब हो  यो सम्भव छ कि यो इस्तीखारा को वरदान हो।

हामीले इस्तिखाराको प्रार्थनालाई याद गर्नुपर्छ। हाम्रा छोराछोरीहरूलाई यो गर्न प्रोत्साहित गर्नुपर्छ र हाम्रा प्रभुबाट इनामको आशा गर्नुपर्छ। इस्तिखाराको प्रार्थना गर्ने सबैभन्दा उत्तम तरिका इस्तिखाराको दुई विशेष रकतहरू पढ्नु हो र त्यसपछि प्रार्थना गर्नु हो। जहाँसम्म सुनने रवातिब को सम्बन्ध छ, इब्न हजरले यो (नफल) नमाजको साथ इस्तिखारा गर्ने मनसाय भएमा पर्याप्त हुनेछ भन्ने निर्णय गरेका छन्।

उदाहरण को लागी नमाज पढ्दा  तहियतुल-मस्जिद र इस्तिखाराको नमाजको मनसाय संयुक्त होस।

फतवाको स्थायी समिति (साउदी अरेबिया) लाई यो प्रश्न सोधिएको थियो: इस्तिखाराको दुआ याद नभएको व्यक्तिले हेरेर पढेदा के आदेश हुन्छ?

त्यस बेला त्यसले यसको औचित्यको लागि फतवा जारी गरेको थियो। महत्त्वपूर्ण कुरा यो हो कि  व्यक्तिले उपस्थित दिमाग र हृदयले नम्रताका साथ र निष्कपट हृदयले प्रार्थना गर्नुपर्छ।

अल्लाहले तपाईलाई र मलाई कुरान र सुन्नतको वरदानले आशीर्वाद दिऊन्। हामीलाई ती आयतहरू र तत्वदर्शिता बाट लाभान्वित गरून्। र अल्लाह सित माफी माग्नुहोस्। निस्सन्देह उहाँ धेरै क्षमाशील हुनुहुन्छ।

## दोस्रो खुत्बा :

الحمد لله اللطيفِ الحميد، الفعَّالِ لما يريد، وصلى الله وسلم على محمد بن عبدالله، وعلى آله وصحبه ومن والاه.

حمد وصلاة کے بعد :

मेरा आस्थावान दाजुभाइहरु! इस्तिखारासँग सम्बन्धित केही मुद्दाहरू यहाँहरू सामु प्रस्तुत गरिएको छ:

पहिलो मुद्दा: इस्तीखारा को दुआ कहिले पढ्नुपर्छ? केही विद्वानहरू भन्छन्: तशहहुद पछि र सलाम फेर्नु अघि, इस्तिखारा को दुअ पढ्नुहोस्, जबकि कोही विद्वानहरू भन्छन्: सलाम पछि दुआ पढ्नुहोस्।

किनभने हदीसमा ढिलाइलाई संकेत गर्ने शब्द (सुम्म) छ र यो फतवाको स्थायी समितिको फतवा पनि हो।

एउटा समस्या यो छ: यदि एक व्यक्तिले सल्लाह लिन्छ र इस्तिखाराको प्रार्थना गर्छ, तर सन्तुष्टि प्राप्त गर्दैन भने, यस्तो अवस्थामा उसले के गर्नुपर्छ? केही विद्वानहरू भन्छन्:त्यति बेला सम्म बारम्बार इस्तिखाराको नमाज पढी राख्नुहोस् जबसम्म तपाईंलाई सन्तुष्टि प्राप्त हुँदैन। बारम्बार इस्तिखारा पढ्नुसँग सम्बन्धित एउटा हदीस पनि छ, तर यो प्रमाणिक छैन।

केही विद्वानहरू भन्छन्: उसले जे पनि गर्नसक्छ गरोस् र उसले जे गर्छ राम्रो हुन्छ। किनकि इस्तिखारा दोहोर्याउने कुनै कारण छैन।

एउटा मुद्दा यो पनि हो: इस्तिखाराको एउटै नमाजमा धेरै आवश्यकताहरूको लागि प्रार्थना गर्न सकिन्छ।तसर्थ, दुआमा शुरुआत पछि, भन्नुहोस्: हे अल्लाह! यदि यस्तो र त्यस्तो आवश्यकता मेरो लागि राम्रो छ भने, मलाई सजिलो बनाउनुहोस्।

यो इब्ने जिब्रिनको फतवा हो।

एउटा मुद्दा यो पनि हो : यसको कुनै प्रमाण छैन कि इस्तिखाराको नमाज पछि कुनै सपना आउँछ।

एउटा मुद्दा यो पनि हो : मान्छेले त्यस विषयमा इस्तिखाराको नमाज पढ्नुपर्छ जसमा हिचकिचाउने गर्छ ।

मेरा इस्लामी दाजुभाइहरु ! इस्तिखारा धेरै दुर्लभ अवस्थामा र धेरै कम परिस्थितिमा गलत हुन सक्छ त्यसकारण, यो एउटा मुस्लिमको इज्जत र गरिमा हो कि उसले यी सबै मामिलामा अल्लाहको अगाडि झुक्ने गर्छ। र इस्तिखाराको नमाज पढ्ने गर्छ जसमा ऊ अलमल हुन्छ।

मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई सबै कुरामा इस्तिखारा सिकाउनुहुन्थ्यो।"

जैनाब बिन्त जहश (रअ) लाई पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम)सँग विवाह गर्ने बारे सोध्दा पनि उनले यस विषयमा इस्तिखारा गरिन्।

अल-नववी भन्छन्: सायद उनले इस्तिखारा यसकारण गरिन किनभने उनलाई पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम सल्लल्लाहु अलैहि वसल्लम) को पक्षमा लापरवाही हुन सक्छन् भन्ने डर थियो।

आदरणीय जनसमुदय!

इस्तिखारा पछि  व्यक्तिको पक्षमा उसको भाग्यमा जे हुन्छ त्यो भालाईमा आधारित हुन्छ। इस्तिखारा पछि हरेक अवस्थामा सहजता र उदारता पाइन्छ भन्न आवश्यक छैन। कहिलेकाहीँ  व्यक्तिले घाटाको सामना पनि गर्नुपर्ने हुन सक्छ। तर मुस्लिमले विश्वास गर्नुपर्छ कि यो उसको लागि राम्रो छ:

﴿ وَعَسَى أَنْ تَكْرَهُوا شَيْئًا وَهُوَ خَيْرٌ لَكُمْ ﴾ [البقرة: 216].

अनुवाद: र, हुन सक्छ तिमीहरू एउटा कुरा मन पराऊ तर त्यो तिमीहरुका निम्ति नराम्रो होस् ।

कविले भन्छन्:

رُبَّ أَمْرٍ تَتَّقِيهِ

جَرَّ أَمْرًا تَرْتَضِيهِ

خَفِيَ الْمَحْبُوبُ مِنْهُ

وَبَدَا الْمَكْرُوهُ فِيهِ

अनुवाद: सम्भव छ कि तपाई कुनै चिजबाट टाढा रहनु हुन्छ जसमा तपाईको खुशी र सन्तुष्टि लुकेको हुन्छ

जसको मनपर्ने पक्ष लुकेको हुन्छ र मन नपर्ने पक्ष प्रकट हुन्छ।

इस्तिखारा दासता र भक्ति र  नम्रताको प्रतीक हो। यो विश्वासीको हृदय सबै परिस्थितिमा आफ्नो प्रभुसँग जोडिएको छ भन्ने प्रमाण हो। इस्तिखाराले मानिसको आत्मामा आध्यात्मिक उचाई र शिखर बनाउँछ। यसले त्यो विश्वासलाई जन्म दिन्छ कि

अल्लाह तआलाले उसलाई आफ्नो तौफिकले निश्चित रूपमा सफल बनाउनु हुनेछ।

इस्तिखारा भनेको अल्लाहको उपासना र प्रशंसा गर्नु हो। इस्तिखाराको माध्यमबाट व्यक्ति भ्रम, शंका र हिचकिचाहटबाट बाहिर निस्कन्छ। यसले सन्तुष्टि र मानसिक शान्ति ल्याउँछ। इस्तिखारा भनेको विश्वासको मार्ग र आफ्नो मामिला अल्लाहलाई समर्पित गर्नु हो।

मेरा आस्थावान भाइहरू! यस दिन गर्ने को लागी सबै भन्दा राम्रो चीजहरु मध्ये एउटा पवित्र काम पैगम्बर तर्फ दरुद् पठाउनु  हो। तपाई सबै दरुद र सलाम पठाउनुहोस्।

صلى الله عليه وسلم